# नेपाल राष्ट्र बैंक
## सिद्धार्थनगर कार्यालय
## मौजदा सूचीमा दर्ता गराउने बारेको सूचना
**( प्रथम पटक प्रकाशित मिति २०७५/०३/२९)**

**यस** कार्यालयले आगामी आर्थिक वर्ष २०७५/०७६ मा आवश्यकता अनुसार खरिद गर्न सामान तथा सेवा आपूर्तिकर्ताहरुको सूची तयार गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक ब्यक्ति, ईजाजत प्राप्त रजिष्टर्ड फर्म, संस्था वा कम्पनीहरुले आवेदन फाराममा उल्लेखित योग्यता सहितका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र यस कार्यालयको मौजुदा सूची (स्ट्याण्डिङ्ग लिष्ट) मा सूचीकृत हुन नेपाल राष्ट्र बैंक खरीद विनियमाबली २०७१ (संशोधन सहित) को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ । आवेदन फाराम तथा मौजुदा सूचीसंग अन्य आवश्यक विवरणहरु बैंकको Website: www.nrb.org.np मा राखिएको छ । साथै, उक्त कागजात **यस** कार्यालयलबाट समेत प्राप्त गर्न सकिने छ । आवेदन पेश गर्दा आवेदन फाराममा उल्लेखित विवरणहरु भरी सहीछाप गरी आवश्यक कागजातहरुका साथ पेश गर्नुपर्ने छ । आवेदन फाराममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन । आवेदकलाई मौजुदा सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । आवश्यक अन्य विषयमा बुझ्नु परेमा **यस** कार्यालयको आन्तरिक प्रशासन फांट खरिद ईकाइमा सम्पर्क राख्न सकिने छ ।

| क्र.सं | विवरण | क्र.सं | विवरण |
|---|---|---|---|
| **(क)** | **खरिद तथा आपूर्तितर्फः-** | **(ख)** | **मर्मत सम्भार तर्फः-** |
| १. | स्टेशनरी तथा फुटकर सामानहरु | १. | सवारी साधन मर्मत |
| २. | फर्निचर सामानहरु | २. | एयरकण्डिसनर, फ्रिज आदी मर्मत |
| ३. | छपाई सम्वन्धी कार्य | ३. | जेनेरेटर मर्मत |
| ४. | एयरकण्डिसनर तथा पार्टपूर्जा | ४. | प्लम्बिङ्ग सेवा (पानीको पाइप, धारा आदि मर्मत) |
| ५. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर, प्रिन्टर, नोट काउण्टिंग/बण्डलिंग मेशीन, EPABX सिष्टम, यू.पि.एस.,फ्याक्स आदि) | ५. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेशिन, नोट काउण्टिंग/बण्डलिंग मेशीन, EPABX सिष्टम, यू.पि.एस., फ्याक्स आदि) मर्मत सेवा |
| ६. | मेशिनरी सामानहरु तथा त्यसका पार्टपूर्जाहरु | ६. | बिजुली, पंखा तथा विद्युतीय उपकरणहरुको मर्मत सेवा |
| ७. | पर्दा, कार्पेट लगायतका फर्निसिङ्ग सामानहरु | ७. | भवन मर्मत |
| ८. | कार्यालय सरसफाईका फुटकर सामानहरु | ८. | फर्निचर मर्मत |
| ९. | बिजुलीका सामानहरु | ९. | दराज, फाइलिङ, क्याबिनेट आदी मर्मत सेवा |
| १०. | निर्माण तथा रङ्गरोगन सम्वन्धी सामानहरु | १०. | कम्प्यूटर नेटवर्किङ सेवा |
| ११. | सवारी साधनको पार्टपूर्जा तथा लुब्रिकेण्ट्स | **(घ)** | **अन्य सेवा आपूर्ति तर्फः-** |
| १२. | विविध फूटकर सरसामानहरु | १. | कुरियर सेवा |
| १३. | ट्रंक (टिन) बाकस | २. | सवारी साधन सेवा (फण्ड ट्रन्सफरका लागि) |
| १४. | पत्रपत्रिका तथा पूस्तक | ३. | विज्ञापन एजेन्सी सेवा |
| १५. | हार्डवेयर तथा फिटिङ | ४. | कपडा धुलाई (लण्ड्री) सेवा |
| **(ग)** | **परामर्श सेवा तथा अन्य सेवा आपूर्तितर्फ :-** | ५. | प्लम्बिङ्ग सेवा |
| १. | परामर्श सेवा (निर्माण तथा मर्मतका लागि) | ६. | सरसफाई सम्बन्धी सेवा |
| २. | परामर्श सेवा (खरिद कार्यको लागि) | ७. | बगैंचा व्यवस्थापन सम्बन्धी सेवा |

**नेपाल राष्ट्र बैंक**
**सिद्धार्थनगर कार्यालय**
**फोन नं. ०७१५२०१८८**

# मौजूदा सूचीमा दर्ता हुन आवश्यक योग्यताहरु

सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा १०  को उपदफा (२) तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली २०७१ (संशोधन सहित) को विनियम १८ को उप-विनियम ३ अनुरुप आपूर्तिकर्ता/सेवा प्रदायकहरुलाई देहाय बमोजिम योग्यता तोकिएकोले आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ ।

क. कारोवार गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट स्वीकृति लिएको (इजाजत नवीकरण सहितको) प्रतिलिपि ।

ख. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रतिलिपि ।

ग. आ.व. २०७३/७४ को कर चुक्ता गरेको प्रमाणको प्रतिलिपि ।

घ. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव भएमा सोको प्रतिलिपि ।

ङ. बिक्री पछिको सेवा आवश्यक पर्ने कार्यको लागि सोको जानकारी ।

च. पेशागत कसूर गरे वापत सजाय नपाएको स्वघोषणा ।

छ. कार्यालयलाई आवश्यक पर्दा सहजै सम्पर्क गर्न मिल्ने गरी फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं., मोबाइल नम्बर, फ्याक्स नम्बर, ईमेल, वेवसाईट आदिको जानकारी ।

ज. परामर्श सेवाको हकमा तोकिए बमोजिमको जनशक्ति परिचालन गर्न सक्ने प्रतिवद्धता सहितको कागजातहरु ।

कागजातहरुको प्रतिलिपि आपूर्तिकर्ता/सेवा प्रदायक फर्म/कम्पनी/संस्थाको छाप लगाई आधिकारीक व्यक्तिले प्रमाणित गरेको हुनुपर्नेछ ।

**मौजूदा सूचीमा समाबेश गर्न पेश गरेको निवेदन**
**(सम्भव भएसम्म आफ्नो लेटर प्याडमा पेश गर्ने)**

मिति २०७५/.../.....

नेपाल राष्ट्र बैंक
सिद्धार्थनगर कार्यालय
रुपन्देही ।

विषय: मौजूदा सूचीमा दर्ता गरी पाउं ।

महाशय,

त्यस कार्यालयको मिति २०७५/.../... मा प्रकाशित सूचना अनुसार म/ हामी निम्न बमोजिम कार्यको लागि मौजूदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको/का छु/छौं । साथै, म/ हामी खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा व्यवसायमा कसुर वा सजाय नलागेको घोषणा गर्दछु/छौं ।

क. फर्म/कम्पनी/संस्थाको नाम :-

ठेगाना :-

सम्पर्क नम्बर :-

ख. फर्म/कम्पनी/संस्थाले कुन सामन/कामको लागि सूची दर्ता गर्ने हो उल्लेख गर्ने :

१.

२.

३.

ग. संलग्न कागजातहरु

१. फर्म दर्ता प्रमाणपत्र

२. PAN/VAT मा दर्ता प्रमाणपत्र

३. कर चुक्ता प्रमाणपत्र (आ.ब. २०७३/०७४ )

३. कर दाखिला गरेको प्रमाण (आ.ब. २०७४/०७५)

४....

५....

निवेदक,

दस्तखत ..............................

फर्म/कम्पनीको तर्फबाट आधिकारीक व्यक्तिको नामथर..............................

पद..............................

फर्म/कम्पनीको छाप..............................

# परामर्श सेवा प्रदायकको योग्यता

**(परामर्श सेवा प्रदायकको लागि मात्र)**

| क्र.सं | बर्गीकरण | न्यूनतम योग्यता | पेश गनुपर्ने कागजातहरु (प्रतिलिपि) |
|---|---|---|---|
| १ | सूचना प्रविधि तथा कम्प्युटर सेवा | Electronic, Computer वा Information Technology विषयमा स्नातक उपाधि प्राप्त गरी सम्बन्धित काममा २ बर्षको अनुभव प्राप्त जनशक्तिको व्यवस्था हुनुपर्ने । | १) शैक्षिक उपाधिको प्रमाणपत्र,<br>२) कम्तिमा २ बर्षको अनुभव प्रमाणित गर्ने कागजात,<br>३) जनशक्तिको विवरण । |
| २ | सिभिल, आर्किटेक्चरल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, मेकानिकल इन्जिनियरिङ्ग सेवा | Civil, Architectural, Electrical, Electronics, Mechanical लगायत सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरी सम्बन्धित काममा २ वर्षको अनुभव प्राप्त जनशक्तिको व्यवस्था हुनुपर्ने । | १) शैक्षिक उपाधिको प्रमाणपत्र,<br>२) कम्तिमा २ बर्षको अनुभव प्रमाणित गर्ने कागजात,<br>३) जनशक्तिको विवरण । |